# बहुप्रतिक्षित एनपिएलको दोस्रो संस्करण शुरु

## प्रधानमन्त्री कार्कीद्वारा उद्घाटन



काठमाडौं (जस)- नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो संस्करण सोमबारदेखि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा सुरु भएको छ । प्रधानमन्त्री सुशीला कार्कीले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगिताको उद्घाटन गरेकी हुन् । कीर्तिपुरस्थित कीतिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तरराष्ट्रिय क्रिकेट मैदानमा भव्य कार्यक्रमबीच प्रधानमन्त्री कार्कीले उक्त प्रतियोगिताको उद्घाटन गरेकी हुन् ।

उद्घाटन समारोहमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङ, नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दलगायतको उपस्थिति रहेको थियो । उद्घाटन समारोहमा त्रिवि मैदानमा हेलिकप्टरबाट पुष्पवृष्टि समेत गरिएको थियो । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा सुरु भएको प्रतियोगिता यही मङ्सिर २७ गतेसम्म चल्ने छ । प्रतियोगितामा आठ टोली सहभागी छन् । नेपाल क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दका अनुसा यही मङ्सिर २७ गतेसम्म सञ्चालन हुने एनपिएलमा लिग चरण, तीन वटा प्लेअफ र फाइनलसहित ३२ खेल हुनेछन् । त्रिवि क्रिकेट मैदानलाई प्यारापिट र फ्लड लाइटको व्यवस्थासहित स्तरोन्नति गरिएका कारण दोस्रो सम्स्करण क्रिकेट प्रेमीबीच थप उत्साहको विषय बन्न पुगेको छ ।

यस पटक रङ्गशालामा १० हजार जना अट्ने प्यारापिट निर्माण गरिएकोले दर्शकले सिट्मै बसेर प्रतियोगिता हेर्न पाउने भएका छन् भने फ्लड लाइटका कारण खेलहरु अन्य देशका रङ्गशाला सरह रातिसमेत सञ्चालन हुनेछन् । सहरी विकास मन्त्रालयले राष्ट्रिय खेलकुद परिषदमार्फत क्यानलाई पहिलो एनपिएलको पूर्व सन्ध्यामा आइतबार साझ मात्र चरणका संरचना हस्तान्तरण गरेको थियो ।,तियोगिताका विजेता टोलीलाई पुरस्कारस्वरूप रु एक करोड १० लाख प्रदान गरिनेछ । यसअघि जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो ।

त्यसैगरी, प्रतियोगिताको उपविजेता टोलीले भने रु ५१ लाख प्राप्त गर्नेछ भने तेस्रो स्थान हासिल गर्नेले रु २५ लाख तथा चौथो हुनेले रु १५ लाख प्राप्त गर्नेछ । एनपिएल दोस्रोका सबै खेल कीर्तिपुरस्थित त्रिवि मैदानमा हुनेछन् । नेपाल क्रिकेट सङ्घ (क्यान)ले यस पटक दैनिक नौ हजार चार सय ५० टिकट बिक्री गर्ने जनाएको छ ।

पहिलो दिनको खेलको टिकट दुई दिन अगाडि नै बिक्री भइसकेको थियो । उद्घाटनसँगै शनिबारका लागि टिकट मूल्य साधारणतर्फ पाँच सय र प्रिमियमतर्फ रु एक हजार ५०० राखिएको छ । यसैगरी लिग चरण र अन्य दिनको खेलका लागि टिकटको मूल्य पाँच सय र एक हजार तोकिएको छ । प्लेअफपछिका खेलका लागि जनरलतर्फ एक हजार र प्रिमियरतर्फ रु दुई हजार राखिएको छ । क्यानले सिजनल टिकटको एकमुस्ट मूल्य १५ हजार तय गरेको छ ।

एनपिएलमा साविक विजेता जनकपुरसँगै साविक उपविजेता सुदूरपश्चिम रोयल्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स, विराटनगर किंग्स, चितवन राइनोज, काठमाडौं गुर्खाज र लुम्बिनी लायन्स गरेर आठ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्दैछन् । यस पटक एनपिएलबाट रु ४० करोड आम्दानी गर्ने क्यानको लक्ष्य छ ।

# एनपिएलको उद्घाटन खेलमा जनकपुरमाथि काठमाडौंको जित



काठमाडौं (जस)- नेपाल प्रिमियर लिग (एनपिएल)को उद्घाटन खेलमा साविक विजेता जनकपुर बोल्ट्सललाई हराउँदै काठमाडौं गोर्खाजले प्रतियोगितामा सुखद् सुरुआत गरेको छ। कीर्तिपुर स्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सोमबार भएको खेलमा काठमाडौंले जनकपुरमाथि पाँच विकेटको जित निकालेको हो । जितको लागि एक सय ३१ रनको लक्ष्य पछ्याएको काठमाडौंले १८ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो ।

काठमाडौंको जितमा बेन चार्ल्सवर्थले ४६ रन बनाए । उनले २३ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ४६ रन बनाए । यसैगरी आकाश त्रिपाठीले ३९ रन बनाए । मिलिन्द कुमारले १९ रन बनाए भने जोहन सिम्पसनले १३ रन जोडे । बलिङतर्फ जनकपुरका किशोर महतो, अनिल साह, सञ्जय कृष्णमूर्ति र ललित राजवंशीले समान एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको जनकपुरले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ३० रनको योगफल बनाएको थियो ।

जनकपुरका लागि आसिफ शेखले सर्वाधिक ५४ रनको योगदान दिए । उनले ४१ बलमा छ चौका र एक छक्का प्रहार गर्दै ५४ रन बनाएका हुन् । यस्तै, मयन यादवले ३४ तथा लाहिरु समारकूनले २२ रन बनाए । लाहिरु मिलन्था सात रनमा आउट भए । काठमाडौं गोर्खाजका लागि मिलिन्द कुमारले तीन विकेट लिए भने सन्तोष यादव, साहब आलम तथा करण केसीले समान एक/एक विकेट लिए ।

यसअघि भएको पहिलो संस्करणको खेलमा भने जनकपुरले काठमाडौंलाई पाँच विकेटले पराजित गरेको थियो । सोमबारदेखि सुरु भएको प्रतियोगिता यही मङ्सिर २७ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेताले टोलीले रु करोड १० लाख पाउने छ । दोस्रो हुनेले रु ५१ लाख प्राप्त गर्नेछ भने तेस्रो हुनेले रु १५ लाख पुरस्कार प्राप्त गर्नेछ । मङ्गलबारको पहिलो खेल चितवन राइनोज र कर्णाली याक्सबीच हुनेछ । दोस्रो खेल विराटनगर किङ्स र पोखरा एभेन्जर्सबीच हुनेछ । पहिलो खेल बिहान ११:४५ बजे हुनेछ भने दोस्रो खेल दिउँसो ४:०० बजे हुनेछ ।

# अन्तरविद्यालय बास्केटबल प्रतियोगिता सुरु

काठमाडौं (जस)- ११ औं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा सोमबारदेखि सुरु भएको छ । रेडियन्ट पब्लिक बोर्डिङ स्कुलको आयोजनामा हुने उक्त प्रतियोगिता हुन लागेको हो भने प्रतियोगितामा ४९ टिमले सहभागिता जनाउने भएका छन् । रेडियन्टका प्रिन्सिपल सूर्यबहादुर केसीले विभिन्न ३ विधामा ४९ टिमको सहभागिता निश्चित भएको जानकारी गराए । सिनियर ब्वाइजमा २५ तथा जुनियर ब्वाइज र सिनियर गर्ल्समा समान १२-१२ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्ने छन् ।



# एएफसी यू-१७ एसियन कप छनोट खेल्ने राष्ट्रिय फुटबल टिमको बिदाई

काठमाडौं (जस)- एएफसी यू-१७ एसियन कप छनोटमा भाग लिन म्यानमार प्रस्थान गर्ने राष्ट्रिय यू-१७ टोलीलाई एन्फाले बिदाई गरेको छ । खेलाडीलाई एन्फाका महासचिव किरण राई, पूर्व सह-सदस्य विकास नारायण श्रेष्ठ र पुरुषोत्तम थापा, सीईओ इन्द्रमान तुलाधर र प्रवक्ता सुरेश शाहले सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा टोलीलाई बिदाई गरेका हुन् ।



# 'मिसेस नेपाल वर्ल्ड २०२५' को उपाधि रक्षालाई




काठमाडौं (जस)- विवाहित महिलाको सौन्दर्य प्रतियोगिता 'मिसेस नेपाल वर्ल्ड २०२५' को उपाधि बुटवलकी रक्षा पन्तले जितेकी छन् । उनी अभिनेत्री सुरक्षा पन्तकी बहिनी हुन् । सुरक्षाले सामाजिक सञ्जालबाट बहिनीको जितमा बधाइ दिएकी छन् । नेपाल पुलिस क्लबमा शनिबार बेलुका आयोजित ग्राण्ड फिनालेमा २४ प्रतिस्पर्धीलाई पछि पार्दै उनले उपाधि चुमेकी हुन् । फिनालेमा प्रहरी पूर्वप्रमुख सर्वेन्द्र खनालले समाजमा विद्यमान विकृतिमध्ये तपाईं के हटाउन चाहनुहुन्छ भन्ने निर्णायक प्रश्नको सटिक जवाफ दिएकी थिइन् ।

मस्ट फोटोजेनिकको उपाधि जितेकी उनले अमेरिकामा आयोजना हुने बताइएको 'मिसेस वर्ल्ड २०२६' को प्रतिस्पर्धामा नेपालको प्रतिनिधित्व गर्ने अवसर पनि पाएकी छिन् । मिसेस नेपाल वर्ल्डमै विद्या चौहान फस्ट रनर्सअप, एलिना केसी सेकेन्ड रनर्सअप, निर्मला सुनुवार थर्ड रनर्सअप घोषित भए । प्रतियोगितामा सञ्जु भट्ट मिसेस नेपाल इन्टरनेसनल भइन् । दीपिका तामाङ एमएस नेपाल इन्टरनेसनलको विजेता भइन् ।


**Kalika Municipality**

**Office Of Municipal Executive**

Redcrossgram, Chitwan

**INVITATION FOR BIDS**

**First date of publication: - 2082-08-02 (18th November, 2025)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Estimated Amount (NRs.) Inclusive VAT and PS | Last Date of Bids Submission Date | Bids Opening Date | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 12/Works/NCB/KM/2082-083 | **Construction of Pipariya School Building Kalika 2** | **43, 29,543.70** | **Before 12.00 noon till 2082-09-04 (19th December, 2025)** | **1.00 PM on 2082-09-04 (19th December, 2025)** | 120 days from the date of Bid opening. **(Up to 2083-01-05 (18th April, 2026)).** | **1,00,000.00** | **3,000.00** |
| 2. | 13/Works/NCB/KM/2082/083 | **Construction of Janahit School Building at Kalika 3** | **39, 58,175.55** | **Before 12.00 noon till 2082-09-04 (19th December, 2025)** | **1.00 PM on 2082-09-04 (19th December, 2025)** | 120 days from the date of Bid opening. **(Up to 2083-01-05 (18th April, 2026)).** | **1,00,000.00** | **3,000.00** |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**